# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भैयाँ, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०७८।०७९

च.नं. 3290

मिति : २०७९/०३/३०

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७९ आषाढ ३० गते विहीवार बसेको छैठौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना यसैसाथ संलग्न छ । सो निर्णयानुसार तहाँ सगं सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०३/३० गते बिहीवार बिहान ११:३० बजे यस मनहरी गाउँ कार्यपालिकाको छैठौं
बैठक गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको
उपस्थितीमा तपसिल अनुसारको निर्णय गरी सम्पन्न गरीयो ।

उपस्थिति :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रञ्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सीता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राज कुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दीपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुरराम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी   अन्जना सुवेदी   अधिकृत सातौं   प्रशासन शाखा

आ.व. २०७९ असार ३० गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु

१. कार्यालय सहयोगी तथा हलुका सवारी चालक कर्मचारीको म्याद थप सम्बन्धमा

२. योजना किताबको प्रयोग सम्बन्धमा

३. घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिकामा कार्यरत सेवा करारमा कार्यरत ह.स.चा. श्री राजु लामालाई कार्यालयको आवश्यकता भन्दा बढी ह.स.चा. कार्यरत रहेका कारण तथा सहायक कम्प्युटर अपरेटर दैनिक ज्यालादारी पदमा कार्यरत श्री टेकराज पोखरेललाई उमेर हदका कारण २०७९ श्रावण १ गतेबाट लागू हुने गरी सम्झौता भंग गर्न कार्यालयलाई निर्देशन दिने तथा निजहरुले कार्यालयलाई पुर्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाको लागि आर्थिक २०७९ श्रावण १ गतेबाट लागू हुने गरी योजना किताब प्रयोगमा ल्याउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नक्सा पास गराएर मात्र नक्सा पास गर्नु पर्ने व्यवस्था रहेको । ऐन कार्यान्वयनमा आउनु अगाडी र सो भन्दा पछाडी समेत नक्सा पास गर्न छुट भएको र स्थानीयवासीहरु विभिन्न प्रयोजनको लागि निर्माण भइसकेको घरको नक्सा पासको लागि कार्यालयमा आउने गरेको हुँदा २०७९ श्रावण १ गते देखि २०७९ पौष मसान्तसम्म ६ महिना पुराना घरहरुको अभिलेखिकरण गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरि बैठक समापन गरियो ।

रन्जन कालाखेती
अध्यक्ष